सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

# प्रतिवेदन लेखन, वित्तिय व्यबस्थापन र सूचना प्रणाली सम्बन्धि क्षमता विकास तालिम



जेठ (१५-१७), २०७४

भूमिघर, काठमाडौं

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला र राष्ट्रिय भूमि अधिकार मञ्चमा कार्यरत टिमको अभिलेखन, सूचना र वित्तिय प्रणालीलाई व्यवस्थित र गुणस्तरीय बनाउनका लागि क्षमता विकास तालिमको आयोजना गरिएको हो । आत्मनिर्भर सेवा केन्द्र र जिल्ला मञ्चहरुले मासिक प्रगती र वित्तिय प्रतिवेदन तयार गरी आदानप्रदान गर्दै आईरहेको छ । साथै अनलाईन तथ्याँङ्क व्यबस्थापन प्रणालीलाई अभ्यासलाई व्यबस्थित गर्न सुरु गरेको छ । जवाफदेहिता र संस्थागत सुशासनलाई संस्थाको निर्देशित सिद्धान्तको रुपमा अगाडि बढाईरहेको छ । तालिममा प्रगती प्रतिवेदन लेखन, अनलाईन तथ्याँङ्क व्यवस्थापन, वित्तिय प्रतिवेदन र कभरेज अभिलेखन, माइक्रोसफ्ट एक्सेल सिट, सञ्चार (ईमेल, ईन्टरनेट) प्रक्रिया र जवाफदेहिता बिषयमा छलफल तथा अभ्यास मार्फत गरियो ।

तालिम जेठ १५ देखि १७ गतेसम्म भूमिघर काठमाण्डौंमा सम्पन्न भयो । तालिममा २१ जना पुरुष र १४ जना महिला कुल ३५ जनाको सहभागिता थियो ।

## पहिलो दिन : जेठ १५ गते

## प्रतिवेदन लेखन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अनुगमन तथा मुल्याङ्कन संयोजक प्राप्ती अधिकारीले प्रतिवेदन र अपडेट लेखन सम्बन्धि अभिमुखिकरण र अभ्यास गराउनु भयो । उहाँले प्रगती प्रतिवेदन (कभरेज सहित) लाई खाका अनसार अभ्यास  गराउन भयो । प्रतिवेदन किन लेख्ने ? प्रतिवेदन लेखनको महत्व, यसका आधारः तथ्याँक, प्रतिवेदन लेख्दा समावेश गर्नुपर्ने उपलब्धि, चुनौती तथा सिकाईका बारेमा छलफल चलाउनु भयो । प्रतिवेदनमा परिवर्तनका मुख्य पात्र, प्रकृया तथ्याङ्क र तिनका विवरण भनाईहरु, शीर्षक सहितको तस्विर र घटना अध्ययन छुट्टाउनै नहुने बिषका बारेमा बताउनु भयो । साथै हरेक कार्यक्रमको तस्विर लिनुपर्ने, ईमेलमा आदानप्रदान गर्दा, प्रतिवेदनमा राख्दा सधैं तस्विरको क्याप्सन उल्लेख गर्नुपर्ने कुरा जानकारी गराउनु भयो । प्रतिवेदन लेख्दा प्रिती फन्टको प्रयोग हुनुपर्ने, प्रतिवेदन र कभरेज तयार गरिसकेपछि एक कपी आफ्नो कार्यालयमा एक कपी प्रिन्ट र कम्प्युटरमा छुट्टै फोल्डरमा उपयुक्त नामकरणसहित अनिवार्य अभिलेखन अभिलेखन गर्नु कुरालाई विशेष ध्यान दिन आग्रह गर्नुभयो । विस्तृत **अनुसूची १** मा राखिएको छ ।

## दोस्रो दिन : जेठ १६ गते

## वित्तीय व्यवस्थापन र एक्शेल (EXCEL)

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका वित्तीय अधिकृत रमिता श्रेष्ठले आर्थिक तथा प्रशासशनिक नियमावलीको महत्व, आर्थिक कारोबार व्यबस्थित र अभिलेखन सम्बन्धि जानकारी र अभ्यास, एक्सलको प्रयोगात्मक अभ्यास गराउनुभयो ।

जिल्ला भूमि अधिकार मञ्चमा रहेको आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन नियमावलीको आधारमा आर्थिक तथा प्रशासनिक महत्वको बिषयमा छलफल गरियो । जिल्ला र राष्ट्रिय मञ्चले उक्त नियमावलीको गहिरो अध्ययन गरि परिपालना गरि आधिकारीक बनाउनु पर्ने कुरामा जोड दिनुभयो । नियमावलीमा भएको अनुसूचीहरुको प्रयोगहरु र सोको महत्वको बारेमा पनि छलफल गरियो ।

तालिममा केयर नेपालका वित्तीय अधिकृत राजु कार्कीले पनि नियमावलीको महत्व बुझ्नुपर्ने र परिपालन गर्ने कुरामा जिल्ला संयोजकको मुख्य भूमिका रहने कुरा राख्नुभयो ।जिल्ला संयोजकहरुले आफ्नो कर्मचारीहरुमा विश्वास भए पनि औपचारिक रुपमा सूपरिवेक्षणको आवश्यकता रहने कुरामा जोड दिनु भयो ।

साथै उहाँले हिसाबकिताब गर्दा सुरुमै सतर्क रहनु पर्ने विषयवस्तुहरुको चर्चा गर्दै डेबिट र क्रेडिटको प्रयोगको बारेमा अभिमुखिकरण गर्नुभयो । जिल्ला मञ्चहरुले हिसाबकिताब राख्दा मुख्य गरि पेश्की लिँदा दिँदा र तिर्न बाँकी गतिविधिहरुका अनगिन्ती गल्तीहरु गर्ने गरेको सत्यतालाई मनन् गराउँदै सोको समाधानका लागि अभ्यास गराउनुभयो । अभ्यासमा आर्थिक कारोबार हेर्न नियुक्ती प्राप्त पूर्णकालिनहरु लगाएत् जिल्ला संयोजकहरुको पनि निकै सक्रिय सहभागिता रहेको थियो । सहभागीहरुलाई एक्सलको प्रयोग र महत्वको बारेमा छलफल भयो । आार्थिक कारोबार सम्बन्धि महत्वपूर्ण बिषयवस्तुहरुको प्रयोगात्मक अभ्यास गराउनु भयो । एक्सलमा सेल तथा सिटहरुको परिचय, एक्सलमा रहेको ड्रप डाउनको अभ्यास, विविध शूत्रहरुको प्रयोगहरुको बारेमा विशेष छलफल भयो । एक्सलको अभिमुखीकरण कै सिलसिलामा आर्थिक कारोबारहरुको ढाँचाको नमूना लिई त्यसमा राखिएको शूत्रहरु कुनै भिन्न नरहेको र त्यसप्रकारका ढाँचाहरु जिल्ला मञ्चका साथीहरुले पनि बनाउन सकिने कुरा बताएर सहभागीहरुलाई काम गर्न उत्साहित गराउनुभयो ।

विस्तृत **अनुसूची २** मा राखिएको छ।

## तेस्रो दिन : जेठ १७ गते

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले सञ्चालित भूमि अधिकार आन्दोलनलाई प्रभावकारी बनाउने उद्धेश्यले वैचारिक छलफल गराउनु भयो । उहाँले स्थानीय तहको शासन सञ्चालनका सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयकको बारेमा छलफल गराउनुभयो । साथै सबै अभियान्ताहरुले यो बिद्येयकको अध्ययनगरी साँसदहरु मार्फत सुझाव दिन सकिने कुरा बताउनु भयो । उहाँले  परिवर्तितसन्दर्भमा भूमि आन्दोलनको रुपान्तरण , चिन्तनमनन् र विचार विमर्श बढाउनु पर्ने कुरामा जोड दिनु भयो । साथस्थानीय सरकारसंगको रचनात्मक सम्वाद र सहकार्यको थालनीबारे गर्नुपर्ने कुरामा जोड दिनुभयो ।  भूमि अधिकार आन्दोलनमा स्रोतव्यक्तिको विकास र परिचालनमा ध्यान दिन आग्रह गर्नुभयो ।

## सूचना प्रणाली र व्यबस्थापन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका बित्त तथा आईटि एसोसीएट सृष्टी श्रेष्ठले सामाजिक सञ्जाल, कम्प्युटरमा फाईलहरु व्यबस्थित राख्ने तरीका, ईमेल गर्दा ध्यान दिनुपर्ने पक्ष, डाटा व्याकअपकोबारेमा अभिमुखीकरण गर्नुभयो । संस्थाको आयोजनामा सम्पन्न कार्यक्रमका अपडेट तथा तस्बिरहरु व्यक्तिगत भन्दा संस्थाको फेसबुक पेजबाट अपलोड गर्नुपर्ने कुराको जनाकारी गर्नुभयो । उहाँले  फेसबुक पेज सिर्जना गर्ने तरिका सिकाउनु भयो ।कम्प्युटरमा गरेका कामका फाईलहरु ब्यवस्थित राख्ने तरीका सिकाउनु भयो । कम्प्युटरको D:/ drive भित्र आफुले गरेका कामहरुका फाईल एउटा फोल्डरमा राख्ने, फोटोहरु मात्र अर्को फोल्डरमा राख्ने र इमेलको मात्र अर्को फोल्डरमा गरेर तीन ओटा फोल्डर बनाएर क्रमबद्ध राख्न अनुरोध गर्नुभयो । यसरी राख्दा फाईलहरु क्रमबद्ध रुपमा राख्नुका साथसाथै चाहेको फाइल सजिलै प्राप्त गर्न सकिन्छ र व्याकअप लिन पनि सजिलो हुने कुरा बताउनु भयो ।  इमेल लेख्ने तरिका्का बारेमा पनि संक्षिप्त छलफल भयो । To CC BCC कस-कसलाई गर्ने ? Attached गर्न नछुटाउने र गरिसके पछि पनि दोह्राएर सहि Attached भयो भएन भनेर जाँच गर्ने, इमेलको विषय बस्तु लेख्न कहिले नछुटाउने र इमेल लेख्दा सधै युनिकोड मा लेख्ने बारे सिकाउनु भयो । Laptop मा Team Viewer install गरेर यसको छलफल भयो । आईटी परामर्शदाता राम श्रेष्ठले Data backup लिनु का साथै युनिकोडको बारेमा पनि सिकाउनु भयो ।

सुधिर खड्का र पुजन भण्डारीले डाटा व्यवस्थापन प्रणालीको बारेमा सबै सहभागीहरूलाई अभ्यास गराउनु भयो । डाटा व्यवस्थापन प्रणालीमा आ-आफ्ना आई डि मार्फत डाटा भर्ने र कसरी सुरक्षित गर्ने,सम्बन्धित Line Manager लाई पठाउने,  Line Manager ले आफुलाई पठाएको

डाटा कसरी संकलन गर्ने र अभियान व्यवस्थापकलाई पठाउने प्रक्रियाको बारेमा छलफल र अभ्यास गराउनुभयो ।

अन्तमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अभियान व्यवस्थापक कल्पना कार्कीले जवाफदेहीताका विषयमा छलफल गर्नुभयो । उहाँले जवाफदेहीता के हो ? को प्रति जवाफदेहि हुने ? जवाफदेहिताका पक्षहरु, जवाफदेहीता : कार्यक्रम तथा सेवा प्रवाहमा र नेतृत्वले जवाफदेहीता व्यबस्थापन गर्ने तरीकाका बारे  बताउनु भयो । आफुलाई दिएको कुनै पनि काम प्रति आफु सधै सम्वेदनशील र जिम्मेवार भई नतिजामा पुऱ्याउनु नै जवाफदेही भएको । आफूले लिएको काम प्रति उत्तरदायी हुनुपर्ने कुरामा जोड दिनुभयो । हामीले जसका लागि काम गरिहेका समुह, साझेदार संस्थाहरु, दातृ निकायहरु, आन्तरिक (संस्थागत) र सरकार प्रति सँधै जवाफदेहिता हुनुपर्ने कुरा बताउनुभयो । जवाफदेहिताको कुरा गर्दा पारदर्शीता, सहभागीता तथा प्रतिनिधित्व,  गुनासो तथा पृष्ठपोषण प्रक्रियालाई ध्यान दिनुपर्ने कुरा राख्नुभयो । जवाफदेही हुनका लागि आफ्नो टिममा प्रत्यक्ष सञ्चार, स्पष्ट अपेक्षा सेट गरेर, सबैलाई एउटै स्ट्यान्डरमा राखेर, कोचिङ र टिमको सीप विकास गर्ने, फलोअप गर्ने र गराउने, सत्य बोल्ने, भावनात्मक नहुने जस्ता नेतृत्वले जवाफदेहीता व्यबस्थापन गर्न सकिने कुरामा छलफल गर्नुभयो।

बिस्तृत **अनुसूची ३** मा राखिएको छ ।

## सहभागी नामावली

| क्र.स. | नाम | संस्था | पद |
|---|---|---|---|
| १ | निम प्रसाद धमला | जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गा | पूर्णकालिन कार्यकर्ता |
| २ | शान्तिनाथ अधिकारी | जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गा | जिल्ला संयोजक |
| ३ | पुर्ण बहादुर सुनार | राष्ट्रिय भूमि अधिकार मञ्च | अभियान अधिकृत |
| ४ | मनिषा वि.क | जिल्ला भूमि अधिकार मञ्च, बाँके | पूर्णकालिन कार्यकर्ता |
| ५ | बनिलाल थारु | जिल्ला भूमि अधिकार मञ्च, बाँके | जिल्ला संयोजक |
| ६ | मदन वि.क | जिल्ला भूमि अधिकार मञ्च, सर्लाही | जिल्ला संयोजक |
| ७ | भवानी घिमिरे | जिल्ला भूमि अधिकार मञ्च, सर्लाही | पूर्णकालिन कार्यकर्ता |
| ८ | बिना रोक्का | जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोक | पूर्णकालिन कार्यकर्ता |
| ९ | माधव प्रसाद ढकाल | जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोक | जिल्ला संयोजक |
| १० | बालकृष्ण चौधरी | जिल्ला भूमि अधिकार मञ्च, दाङ्ग | पूर्णकालिन कार्यकर्ता |

| | | | |
|---|---|---|---|
| ११ | रेमन्त चौधरी | जिल्ला भूमि अधिकार मञ्च, दाङ्ग | जिल्ला संयोजक |
| १२ | अनुप माझी | जिल्ला भूमि अधिकार मञ्च, रौतहट | जिल्ला संयोजक |
| १३ | प्रदिप खाँ थारु | जिल्ला भूमि अधिकार मञ्च, रौतहट | पूर्णकालिन कार्यकर्ता |
| १४ | सुभराज चौधरी | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | अभियान अधिकृत |
| १५ | होमेन्द्र थापा | जिल्ला भूमि अधिकार मञ्च, बर्दिया | जिल्ला संयोजक |
| १६ | लक्ष्मी न्यौपाने | जिल्ला भूमि अधिकार मञ्च, बर्दिया | पूर्णकालिन कार्यकर्ता |
| १७ | अरुण सदा | जिल्ला भूमि अधिकार मञ्च, सिराहा | जिल्ला संयोजक |
| १८ | समस्ती आले | जिल्ला भूमि अधिकार मञ्च, सिराहा | पूर्णकालिन कार्यकर्ता |
| १९ | सन्तोषी वि.क | जिल्ला भूमि अधिकार मञ्च, उदयपुर | पूर्णकालिन कार्यकर्ता |
| २० | फुर्तिमान राई | जिल्ला भूमि अधिकार मञ्च, उदयपुर | जिल्ला संयोजक |
| २१ | सुमित्रा सुवेदी | जिल्ला भूमि अधिकार मञ्च, महोत्तरी | पूर्णकालिन कार्यकर्ता |
| २२ | राज कुमार बस्नेत | जिल्ला भूमि अधिकार मञ्च, महोत्तरी | जिल्ला संयोजक |
| २३ | आशा घताने | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | अभियान अधिकृत |
| २४ | युवा कुमारी राई | राष्ट्रिय भूमि अधिकार मञ्च | वित्त अधिकृत |
| २५ | रमिता श्रेष्ठ | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | वित्त अधिकृत |
| २६ | राजु कार्की | केयर नेपाल | वित्त अधिकृत |
| २७ | सुमित्रा थारु | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | वित्त अधिकृत |
| २८ | पुजन भण्डारी | | सहजकर्ता |
| २९ | सुधिर खड्का | | सहजकर्ता |
| ३० | हरिकला वि.क | | केयर टेकर |
| ३१ | राम श्रेष्ठ | | आईटी परामर्शदाता |
| ३२ | सृष्टी श्रेष्ठ | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | वित्त तथा आईटी एसोसिएट |
| ३३ | प्राप्ती अधिकारी | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | सगभागिमूलक अनुगमन तथा मुल्याङ्कन संयोजक |
| ३४ | कल्पना कार्की | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | अभियान व्यवस्थापक |
| ३५ | जगत देउजा | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र | कार्यकारी निर्देशक |

# तालिमका केहि तस्विरहरु







# साझा प्रतिबद्धता

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

प्रतिवेदन लेखन, वित्तिय व्यवस्थापन र सुचना प्रणाली सम्बन्धि क्षमता विकास तालिम

जेठ (१५-१७) २०७४

CSRC आत्मनिर्भर केन्द्र

---

यहि जेठ १८, २०७४ बाट लागुहुने गरि जिल्ला संयोजक, आर्थिक कारोबार हेर्ने पूर्णकालिन कार्यरत र अभियान अधिकृतहरुले संयुक्त रुपमा लिइएका केही साझा प्रतिबद्धताहरु :

- प्रतिवेदन भनेको आफ्नो कामको महशुसिकरण गरि प्रकृयागत र नतिजामुलक कामहरुको अभिलेखन गरिएको दस्तावेज हुनेछ ।
- निश्चित समय सिमा भित्र कार्यक्रम तथा वित्तिय तर्फको प्रतिवेदन तथा कभरेज सिट अपडेट/परिमार्जन कार्य सम्पन्न गरि आफ्नो सुपरिवेक्षक सम्म इमेल गरिने छ ।
- सबै जिल्ला संयोजक र आर्थिक कारोबार हेर्ने पूर्णकालिन कार्यकर्ताहरुले कार्यक्रमको तर्कसंगत ढाँचा ( लग फ्रेम) र आर्थिक नियमावलीको राम्रोसँग अध्ययन गरि पालना गरेका हुनेछन् ।
- कुनै पनि कार्यक्रम सम्पन्न भईसकेपछि तत्कालै सबै बिलहरु संकलन गरिसकेपछि मात्र भौचर उठाइएको हुनेछ ।
- प्रतिवेदन लेख्दा प्रिति फन्ट १५ को मात्र प्रयोग गरिनेछ ।
- कुनैपनि किसिमको सुचना भएका इमेल पठाउँदा विषय/प्रसङ्ग खुलाई पठाइनेछ । तस्विर वा अन्य केही दस्तावेज पठाउँदा प्रसङ्गमा उल्लेख गरेर मात्र पठाइनेछ ।
- कार्यक्रम वा वित्तिय व्यवस्थापन अथवा काम सम्बन्धि सबै दस्तावेज महत्वपुर्ण हुनेहुदाँ कम्प्युटरमा 'E' वा 'D' ड्राइभ भित्र सुरक्षित साथ राखिएको हुनेछ ।
- जिल्ला भूमि अधिकार मञ्च र आत्मनिर्भर केन्द्रले गर्ने हरेक कार्यहरुप्रति जिम्मेवार हुने र आफुले सञ्चालन गरेका गतिविधिहरुलाई पारदर्शी र जवाफदेहिता बनाउन लागिपर्नेछौं ।

साझा प्रतिवद्धतामा सहमति जनाइएको छ ।

## तालिम खर्च

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | स्टेशनरी सामाग्री खरिद (मार्कर, फोटोकपी पेपर, मेटा कार्ड, कलरहरु, टेप, ग्ल्यु) | २०९० | |
| २ | प्याकेजमा भूमिघरमा विहान तथा दिउँसोको खाजा र बेलुकीको खाना | १६८७५ | |
| ३ | होटलमा विहानको खाना | १६७०० | |
| ४ | पानी | १५०० | |
| ५ | दैनिक भ्रमण भत्ता | २६००० | |
| ६ | यातायात खर्च | ४६२४५ | |
| | **जम्मा** | **१०९४१०** | |

**अक्षरमा : एक लाख नौ हजार चार सय दश रुपैंया मात्र ।**